# फिलाडेल्फिया बिद्यालय जिल्ला

OFFICE OF CURRICULUM & ASSESSMENT
440 North Broad Street, Suite 251
Philadelphia, PA 19130

Donna Runner
Acting Deputy Chief

फोन: 215-400-4210
फ्याक्स: 215-400-4212

हालको कक्षा ९ का विद्यार्थीहरुको आमा बुवा वा अभिभावकहरु :

पेन्सलभेनिया राज्यको शिक्षा बिभागले कक्षा ११को पेन्सल्भेनीया बिद्यालय मुल्याङ्कन प्रणाली (पी एस् एस् ए)हटाइ नयाँ किस्टोन परिक्षा (Keystone Exams) लागु गरेको छ। पाठ्यक्रमको अन्तमा शैक्षिक सामाग्रीहरुको प्रविणताको मुल्याङ्कन गर्न किस्टोन परिक्षा बनाइएको हो। २०१७ को कक्षा देखी (हालको कक्षा ९ मा भएका) विद्यार्थीहरुले स्नातक हुन बिजगणित १, साहित्य, र जिवविज्ञान किस्टोन परिक्षामा प्रविणता देखाउनु पर्ने हुन्छ। त्यसै कारण यो नयाँ अपेक्षा तपाईंको बालकको उच्च माध्यमिक बिद्यालय बाट स्नातक प्रक्रियामा लागु गरिन्छ।

किस्टोन सँग सम्बन्धित (बिजगणित १, अङ्ग्रेजी २, जिवविज्ञान) पाठ्यक्रममा भर्ना भएका विद्यार्थीहरुले पाठ्यक्रमको अन्तमा किस्टोनको परिक्षा लिन अपेक्षित गरिएको हुन्छ। कक्षा ९ मा भएका धेरै विद्यार्थीहरु बिजगणित १ कक्षामा भर्ना भएको खण्डमा यो बर्ष उनीहरुले बिजगणित १ को लागि किस्टोन परिक्षा दिने छन्। आउने सालहरुमा जिवविज्ञान र अङ्ग्रेजी २को पाठ्यक्रम समाप्त भइरहेको बेलामा उनिहरुले जिवविज्ञान र साहित्यको किस्टोन परिक्षा दिने छन्।

यदी विद्यार्थी पहिलो प्रयासमा किस्टोन परिक्षा पास नभए पनि, स्नातक हुनु भन्दा अगाडि पुन रुपमा परिक्षा दिने धेरै मौकाहरु हुन्छ। तर उच्च माध्यमिक बिद्यालय बाट स्नातक हुन २०१७को जुन महिनामा भन्दा अगाडि विद्यार्थीले तिन वटा किस्टोन परिक्षा पास गर्नु पर्ने हुन्छ।

किस्टोन परिक्षाको बारे प्रश्न भएमा assessment@philasd.org संपर्क गर्नु होला।